# रामेछाप नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## रामेछाप बजार, रामेछाप
## बागमती प्रदेश, नेपाल

प.सं.: ०८३ -८४

मितिः २०८३।०६।२८

च.नं.: ४५५

**विषयः रसुवा भोटेकोशी बाढीमा बेपत्ता व्यक्तिहरूको आधिकारिक विवरण एकिन गर्ने सम्बन्धमा।**

श्री वडा कार्यालय (सबै),

रामेछाप नगरपालिका ।

प्रस्तुत विषयमा जिल्ला प्रशासन कार्यालय, मन्थली, रामेछापको प.सं.०८३।०८४, च.नं ८२३, मिति २०८३।०६।२७ गतेको प्राप्त पत्रानुसार मिति २०८३/०४/१० गते रसुवा जिल्लाको भोटेकोशी क्षेत्रमा आएको बाढीमा परी बेपत्ता भएका व्यक्तिहरूको सम्बन्धमा नेपाल सरकारबाट जारी भएको **"रसुवा भोटेकोशी बाढीमा बेपत्ता व्यक्तिको आधिकारिक विवरण एकिन गर्ने प्रक्रिया, २०८३"** बमोजिम बेपत्ता व्यक्तिहरूको आधिकारिकता एकिन गरी मृत्यु घोषणा गर्ने प्रयोजनका लागि विवरण संकलन तथा आवश्यक प्रक्रिया अगाडि बढाउनुपर्ने भएकाले रामेछाप नगरपालिका क्षेत्रभित्रका सम्बन्धित बेपत्ता व्यक्तिका परिवार, नजिकका हकदार तथा सरोकारवालाहरूलाई यो सूचना प्रकाशित भएको मितिले ५ (पाँच) दिन (मिति २०८३/०६/२८,२९, ३० र २०८३/०७/९, १० गते भित्र) देहाय बमोजिमका कागजातसहित वडा कार्यालयमा उपस्थित भई विवरण पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ। साथै जिल्ला प्रशासन कार्यालयको पत्र र आवश्यक कागजात यसै साथ संलग्न छ ।

**आवश्यक कागजात तथा विवरणहरू:**

१.बेपत्ता व्यक्तिको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि वा परिचय खुल्ने अन्य कागजात।

२. बेपत्ता व्यक्तिसँगको नाता सम्बन्ध खुल्ने प्रमाणपत्र वा कागजात।

३. बेपत्ता भएको घटनासँग सम्बन्धित प्रहरी प्रतिवेदन, घटनास्थलको विवरण वा उपलब्ध अन्य प्रमाण।

४. बेपत्ता व्यक्तिको स्थायी ठेगाना, परिवारका सदस्यहरूको विवरण तथा सम्पर्क नम्बर।

५. सम्बन्धित निकायबाट उपलब्ध गराइएको अन्य प्रमाण वा कागजात।

**नोटः** तोकिएको समयभित्र विवरण तथा आवश्यक कागजात पेस गरी प्रक्रिया पूरा गर्न सम्बन्धित सबैमा अनुरोध छ। प्राप्त विवरण प्रचलित कानुन तथा सम्बन्धित कार्यविधिबमोजिम आवश्यक छानबिन र निर्णयका लागि सम्बन्धित निकायमा पठाइनेछ।

६।२८

..............

(सुन्दर थापा)

वरिष्ठ शाखा अधिकृत

सुन्दर थापा

वरिष्ठ शाखा अधिकृत